**छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्ड: ७ | संख्याः ४ | २०८० पौष २७ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत २०८० सालको कार्यविधि नं. १३**

## छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

**छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०**

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को प्रस्तावनामा संशोधनः** छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,–

(१) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

"परम्परा देखि लागु औषधको समाधान गर्दा अपनाइने प्रकृयाहरु ब्यक्ति केन्द्रित हुने भई लागु औषध सेवनकर्ताहरु तथा तिनका परिवार बिचको सदाचार, स्वास्थ्य, तथा आर्थिक हित कायम राख्दै समुदायलाई सभ्य, सु-सज्जित, शान्त तथा सकरात्मक बाटोमा अग्रसर गराउन कुलतमा फसेका ब्यक्तिहरुलाई सदमार्ग प्रदान गर्दै समाजमा पूनः स्थापित, लागुऔषध निर्मुल पार्ने साथै विकासका प्रतिफलहरु उपभोग गर्न, विकासमा सहभागिता जुटाउन स्वतन्त्रताको पूर्ण उपभोग गर्नका साथै दिगो शान्ति नै विकासको पूर्वशर्तको रुपमा रहेको हुन्छ भन्ने सिद्धान्तलाई सबै माझ आत्मसात गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकको नगरकार्यापालिकाले यो कार्यविधि जारी गरेको छ।" भनि प्रस्ताव गरिएको छ।"

३. **मूल कार्यविधिको दफा १ मा संशोधनः** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (१) र खण्ड (क), (ख), (ग) र (घ) को व्यवस्थालाई झिकिएको छ।,

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-
"(२) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०"

(३) उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-
"(३) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।"

४. **मूल कार्यविधिको परिच्छेद-२ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-२ को,-

(१) परिच्छेद-२ को सट्टा देहायको परिच्छेद-२ राखिएको छः-

"परिच्छेद-२ स्थापना, उद्देश्य, जनशक्ति र समितिको गठन"

५. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३ को,-

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. उद्देश्यः (१) यस कार्यबिधिको उद्देश्य देहाय बमोजिमका रहेका छनः-

(क) लागु औषध तथा मदिराको कुलतमा फसेका ब्यक्तिहरुलाई गृहले छ महिना देखि नौ महिना सम्म गृहमा राखि उनिहरुलाई मनोसामाजिक परामर्श दिई पुनः समुदायमा रुपान्तरण गरिने छ।

(ख) पुनः स्थापनाका लागि लागु औषध प्रयोगकर्तहरु बिच संवाद, छलफल सत्र आदी संञ्चालन गर्ने।

(ग) लागु औषध प्रयोगकर्तहरुको आंचार संहिता निर्माण गर्ने सो को कार्यन्वयन गर्ने, अनुगमन गर्ने उल्लंघन गरेमा कारबाही गर्ने जस्ता कार्यहरु गर्ने, आबस्यक संयन्त्रहरुको निर्माण र कार्यन्वयन गर्ने।

(घ) कुलतमा फसेका लागु औषध सेवनकर्ताहरुलाई मनोपरामर्श सेवा दिई रुपान्तरण गरि समुदायमा घुलमिल पूनः स्थापनाका लागि आबस्यक पहल कदमी गर्ने गराउने।

(ङ) कुलतमा फसेका लागु औषध सेवनकर्ताहरुलाई वा यस सम्बन्धमा गर्नु पर्ने आबस्यक कार्यहरु गर्ने नगरपालिकालाई परामर्श दिने, पैरवी, लबिङ तथा तिनका समबन्धमा अध्ययन अनुसन्धान गर्ने।

(च) लक्षित बर्गका लागि कार्यक्रम संञ्चालन गर्ने आर्थिक सहयोग जुटाउन दातृ निकाय संग समन्वय र पहल गर्ने।

(छ) सुधारका लागि गृहमा राखिएका सेवनकर्ताहरुलाई मान्यता प्राप्त मनोबिज्ञबाट प्रत्येक दिन मनोपरार्श सेवा तथा मान्यता प्राप्त चिकित्सकबाट स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

(ज) सुधारका लागि गृहमा राखिएका सेवनकर्ताहरुलाई सुधार गृहमा रहदा सेवनकर्ताहरुको भरण पोषण, स्वास्थ्य उपचार, आदीको व्यवस्था गृह आफैले गर्ने छ।"

(२) दफा ३ पछि देहायको दफा ३क राखिएको छः-

"३क. स्थापनाः (१) लागु औषध वा मदिरा प्रयोगकर्ताको स्वास्थ्यमा थप जोखिम आउन नदिन लागु औषधको कुलतमा फसेका बढिमा पैतिस जना पुरुष नेपाली नागरिकहरुको पहिचान गरि सुधार गृहमा राखिने लागुऔषध वा मदिराको दुर्ब्यसनबाट छुटकरा दिलाउने लागु औषध वा मदिराको प्रयोकर्ताहरुलाई आवश्यक

उपचार, ज्ञान, सीप तथा मनोपरामर्श सेवा उपलब्ध गराई समुदायमा पुनः स्थापनाको अनुकुल वातावरण बनाउने उद्देश्यले सुधार गृहको स्थापना गरिएको छ।"

(२) यस सुधार गृहको नाम "नगर सुधार गृह" रहनेछ र नगरस्तरीय कार्यालय मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं. ..... रहनेछ।

(३) सुधार गृहको आवश्यकताको आधारमा कानूनी प्रकृया पुरा गरि नगरपालिका भित्रको जुनसुकै ठाउँमा शाखाहरु स्थापना गर्न सक्नेछ। यसका लागि वडा स्तरमा वडा स्तरिय सुधार गृहको स्थापना गर्न सक्नेछ ।

(४) सुधार गृह एक अविच्छन्न उत्तराधिकारवाला तथा गैर नाफा मुलक गृह हुनेछ। र गृह कार्यपालिका प्रति जवाफदेही रहनेछ।"

(३) दफा ३क. पछि देहायको दफा ३ख. राखिएको छः-

"३ख. जनशक्तिः नगर सुधार गृहमा देहाय बमोजिमका जनशक्ति रहनेछन।

| | |
|---|---|
| (१) व्यवस्थापक वा कार्यकारी प्रमुख वा कार्यक्रम संयोजक | -एक जना |
| (२) मनोबिज्ञ वा मनोपरामर्शकर्ता | -एक जना |
| (३) प्रशासन वा लेखा सहायक | -एक जना |
| (४) पालो पहरा तथा सुरक्षाकर्मी | -सात जना |
| (५) भान्से | -दुई जना |
| (६) कार्यालय सहयोगी वा बगैचे | -एक जना" |

(४) दफा ३ख. पछि देहुको दफा ३ग राखिएको छः-

"३ग. समितिः (१) नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापनका लागि नगरस्तरमा निम्न बमोजिमको सात सदस्य रहेको नगर सुधार गृह संञ्चालन तथा ब्यबस्थापन समिति गठन गरिने छ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) कार्यपालिका सदस्यहरु मध्ये एक दलित, एक महिला सहित चार जना | -सदस्य |
| (ग) सुधार गृहको व्यवस्थापक वा कार्यकारी प्रमुख वा कार्यक्रम संयोजक | -सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य सचिव |

पुनश्चः समितिको बैठकमा आवश्यकता अनुसार मनोबिज्ञ वा सरोकारवाला वा निकाय वा समुहका प्रतिनिधीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(२) नगर सुधार गृह संञ्चालन तथा ब्यबस्थापान समितिले नगर सुधार गृहको संञ्चालन, व्यवस्थापन, रेखदेख समेतको कार्य गर्नु पर्छ।

(३) सुशासन (ब्यवस्थापन तथा संञ्चालन) ऐन, २०६४, कर्णाली प्रदेश सुशासन ऐन, २०७६ र लागु औषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुनः स्थापना केन्द्र संञ्चालन निर्देशिका, २०७५ बमोजिम नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापन समिति र नगर सुधार गृहले सो मा भएका व्यवस्था बमोजिम कार्यहरु गर्ने गराउने छ।"

६. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) रखिएको छः-

"(१) कुनै ब्यक्ति वा फर्मले यस नगरपालिका क्षेत्र भित्र कुनै पनि प्रकारको लागु औषध वा लागु औषध जन्य उत्पादन गर्न पाउने छैन।",

७. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कुनै ब्यक्ति वा फर्मले यस नगरपालिका क्षेत्र भित्र कुनै पनि प्रकारको लागु औषध वा लागु औषध जन्य प्रदार्थको विक्री वितरण तथा ओसार पसार गर्न पाउने छैन।"

८. **<u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ९ को,-

(१) दफा ९ को व्यवस्था झिकिएको छ।

९. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सुधार गृहले सुधारका लागि सुधार गृहमा राखिएका लागु औषध सेवनकर्ताहरुबाट मासिक पाँच हजार रुपैंया सम्म शुल्क लिनेछ।"

१०. **<u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सुधार गृहले सुधारका लागि सुधार गृहमा राखिएका लागु औषध सेवनकर्ताहरुबाट मासिक पाँच हजार रुपैंया सम्म शुल्क लिनेछ।"

(२) उपदफा (२) को व्यवस्थालाई उपदफा (१) मै गाँसिऐको छ।

११. **<u>रुपान्तरः</u>** मूल निर्देशिकामा रहेका "पर्नेछ" शब्दको सट्टा "पर्छ" शब्द राखिएका छन।

निर्णय भएको मितिः २०८०/०९/२७

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत